# गौर नगरपालिका
# स्थानीय राजपत्र

<u>गौर नगरपालिका द्वारा प्रकाशित</u>

खण्ड:९ संख्या:१ मिति:२०८२/०६/२४

भाग:२

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७६ बमोजिम गौर नगरपालिकाको नगर कार्यापालिकाले जारी गरेको कार्यविधि सवसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको कार्विधि नं.१

## अनुदानको मल वितरण व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२

प्रमाणिकरण मिति:२०८२।०६।२४
राजपत्रमा प्रकाशन मिति:२०८२।०६।२४

# अनुदानको मल वितरण व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

## गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट
मधेश प्रदेश,नेपाल

**प्रस्तावनाः** कृषि उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी देशको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा खाद्य सुरक्षा बढाउन गौर नगरपालिका क्षेत्र भित्रमा मलको कारोबार गर्ने बिक्रेताको सूची दर्ता /अनुमति पत्र दर्ता/नवीकरण गरी मल आपूर्ति तथा व्यवस्थापन प्रभावकारी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "अनुदानको मल वितरण व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२" तयार गरी लागु गरिएको छ ।

परिच्छेद-१

**संक्षित नाम, प्रारम्भ र परिभाषाः**

१. यो कार्यविधिको नामः "अनुदानको मल वितरण व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८२" रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यपालिका" भन्नाले गौर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका कम्पनी सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले गौर नगरपालिका, गौर, रौतहटलाई सम्झनु पर्दछ ।

घ) "कृषि शाखा" भन्नाले यस नगरपालिकाको कृषि शाखा वा उपशाखा वा इकाई वा कृषि सेवा केन्द्रलाई जनाउनेछ ।

ङ) "मल" भन्नाले नेपाल सरकार र प्रदेश सरकारबाट अनुदान प्राप्त रासायनिक, प्रांगरिक, सम्मिश्रीत र जीवाणुयुक्त मल सम्झनु पर्छ।

च) "फर्म" भन्नाले प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएका फर्म सम्झनु पर्दछ ।

छ) "बिक्रेता" भन्नाले मल वितरक कम्पनीबाट मल बिक्रि वितरण गर्न यस कार्यविधि बमोजिमको मल बिक्रेता प्रमाणपत्र प्राप्त सहकारी संस्था, फर्म वा कम्पनी सम्झनु पर्दछ ।

ज) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बोमोजिम दर्ता भएको सहकारी संस्था सम्झिनु पर्दछ ।

झ) "स्थानीय समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३ को दफा ५ को उपदफा (१) बमोजिमको गठित "अनुदानको मल वितरण व्यवस्थापन समिति" सम्झनु पर्दछ ।

शम्भु साह
नगर प्रमुख
गौर नगरपालिका
गौर, रौतहट

## परिच्छेद-२

४. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) गौर नगरपालिकाको आर्थिक विकासलाई टेवा पुर्याउने ।

ख) गौर नगरपालिका क्षेत्र भित्रको कृषि उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने।

ग) किसानलाई अनुदानको मल समयमा सर्वसुलभ तरिकाबाट उपलब्ध गराउने।

## परिच्छेद ३

५. मल वितरण व्यवस्थापन समिति

(१) कृषि उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी देशको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा खाद्य सुरक्षा बढाउन गौर नगरपालिका क्षेत्रभित्रमा मलको कारोबार गर्ने विक्रेताको लागि क्षेत्र निर्धारण गरी अनुमति पत्र उपलब्ध गराई स्वीकृत दिन देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| क) उप-प्रमुख | - संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ग) कृषि प्राविधिक | - सदस्य |
| घ) पशु प्राविधिक | - सदस्य |
| ङ) कृषि शाखा प्रमुख | - सदस्य सचिव |

(२) यस कार्यविधि बमोजिम आवश्यकता अनुसार समितिले कर्मचारी/जनप्रतिनिधि वा अन्य सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ । साथै समितिका पदाधिकारीहरूले बैठक तथा अनुगमनको भत्ता नगर कार्यपालिकाको नियम अनुसार पाउनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गौर नगरपालिका भित्र रहेको खेती योग्य र खेति गरिएको जग्गा, सिंचित क्षेत्र, कृषक घरधुरी, कृषि उत्पादन, उत्पादकत्व, मल कारोबार गर्ने बिक्रेता, व्यवसायिक कृषक लगायतका कृषि तथ्यांक अद्यावधिक गर्ने।

ख) गौर नगरपालिका क्षेत्र भित्र खेती गरिएको जग्गाको लागि आवश्यक पर्ने मलको प्रकार र परिमाण प्रक्षेपण गरी प्रदेश समिति लगायत सरोकारवाला निकाय समक्ष माग पेश गर्ने।

ग) गौर नगरपालिका भित्रका वडागत/क्षेत्रगत रूपमा रूपमा आवश्यक पर्ने मलको आपूर्ति व्यवस्था गर्ने ।

घ) गौर नगरपालिका भित्र निश्चित कार्यक्षेत्र पर्ने गरी मल विक्रेताको कार्यक्षेत्र तोक्ने ।

नगर प्रमुख
गौर नगरपालिका
गौर, रौतहट

ङ) गौर नगरपालिकालाई अनुदानमा प्राप्त हुने मल अनुसार मल बिक्रेताका लागि खेती योग्य जमिनको क्षेत्रफल र बाली सघनताका आधारमा मलको प्रकार र परिमाण तोक्ने ।

च) आफ्नो क्षेत्रको कुनै बिक्रेताले निजलाई तोकिएको प्रकार र परिमाणमा मल खपत गर्न नसक्ने जानकारी दिएमा वा आवश्यकताका आधारमा नगरपालिका क्षेत्रभित्रका अन्य बिक्रेताका लागि कोटा थप घट/परिवर्तन गर्ने।

छ) गौर नगरपालिका स्तरमा आवश्यक पर्ने मलको अभाव हुन नदिन आवश्यक समन्वय र तयारी गर्ने ।

ज) नगर क्षेत्रभित्रमा मल बिक्रि वितरण व्यवस्थापनको निरिक्षण तथा अनुगमन गरी आवश्यक निर्देशन दिने ।

झ) मल बिक्रि वितरण सम्बन्धमा नगरपालिका क्षेत्रभित्रको कृषक तथा बिक्रेताको गुनासो सुन्ने, तथा समाधानको लागि काम गर्ने।

(४) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) मलको कारोबार गर्ने बिक्रेता दर्ता, नविकरण बारे समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

परिच्छेद-४

६. बिक्रेताको सूचीमा दर्ता, नविकरण प्रक्रियाः बिक्रेताको सूचीमा दर्ता, नविकरण प्रक्रिया देहाय बमोजिम हुनेछ ।

१) कार्यालयमा दर्ता हुन आएका निवेदनलाई आधार मानि दर्ता प्रक्रिया अगाडी बढाइनेछ ।

२) अनुदानको मलको कारोबार गर्ने अनुमति पत्र प्रदान गर्नको लागि आवश्यक कागजातहरू यस प्रकार रहनेछ ।

क) सम्बन्धित वडाको सिफारिस ।

ख) विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।

ग) स्थायी लेखा नम्बर दर्ताको प्रमाण।

घ) अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण ।

ङ) नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।

३) रितपूर्वक प्राप्त निवेदनको आधारमा स्थानीय समितिले निवेदकहरू मध्ये आवश्यक मल बिक्रेता छनौट गरी मल बिक्रेताको कार्यक्षेत्र तोक्ने छ ।

४) स्थानीय समितिको निर्णय पश्चात नगरपालिका कार्यालयले देहाय बमोजिमको शुल्क लिई अनुसूची-१ बमोजिमको अनुमति-पत्र उपलब्ध गराउने वा प्रमाण पत्र नविकरण गर्नेछ ।

क) मलको कारोबार गर्ने बिक्रेताको सूचीमा दर्ता शुल्क रू. २,०००/-

ख) नविकरण शुल्क रू. २,०००/-

शम्भु साह
नगर प्रमुख
गौर नगरपालिका
गौर, रौतहट

५) गौर नगरपालिकामा मलको कारोबार गर्ने विक्रेताको सूचीमा दर्ता/नविकरण भए पश्चात मात्र उक्त मल विक्रेता संस्थालाई कार्यालयले कृषि सामग्री कम्पनी लिमिटेड वा अनुदानको मल उपलब्ध गराउने अन्य संस्थालाई विक्रेता नियुक्ति वा नविकरण वा मल उपलब्ध गराउनको लागि सिफारिस गर्नेछ ।

६) माथि जे भनिए तापनि कार्यालयको मल विक्रेताको सूचीमा दर्ता/नवीकरण गर्नु पर्ने भएमा वा मल उपलब्ध गराउने संस्थाको लागि सिफारिस गर्नु पर्ने भएमा स्थानीय समितिले निर्णय गरी सो अनुसार कार्यालयले सिफारिस गर्नेछ ।

परिच्छेद-५

७. विविधः यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरू प्रचलित नियम, कानुन, निर्देशिका बमोजिम हुनेछ । यस कार्यविधिले व्यवस्था गरेको कुनै प्रावधान कार्यान्वयन गर्दा बाधा अड्काउ फुकाउन परेमा समितिको क्षेत्रभित्र पर्ने समितिले र अन्य जटिल गत अवस्थामा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

शम्भु साह
नगर प्रमुख
गौर नगरपालिका
गौर, रौतहट

अनुसूची-१

(दफा ६ को उपदफा ४ संग सम्वन्धित)

मल विक्रेता सूची दर्ता / अनुमति पत्रको नमुना

गौर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट

मधेश प्रदेश,नेपाल

दर्ता नं. ..............................

स्थायी लेखा नं.....................

मितिः-...............................

यस गौर नगरपालिका वडा नं.... स्थित रहेको श्री.............................................. लाई नेपाल सरकार द्वारा प्राप्त हुने अनुदानको मल कारोबार गर्न "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" र यस गौर नगरपालिकाको "अनुदानको मल वितरण व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२" बमोजिम आधिकारिक श्रोतबाट मात्र रासायनिक मलखादको कारोबार गर्ने शर्तमा यस गौर नगरपालिकाको मल बिक्रेताको सूचीमा दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ।

बिक्रेताले कारोबार गर्ने कार्य क्षेत्रः

१. ..............................

कृषि शाखा प्रमुख

(प्रमुख प्रशासकीय अधिकृत)

गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौर, रौतहट
मधेश प्रदेश, नेपाल

# अनुमति पत्रको नविकरण विवरण

दर्ता नं............. मिति:- ..........................

मलविक्रेताको नाम:-...................................................... ठेगाना:-...........................

| क.स. | नविकरण मिति | कायम रहने आर्थिक वर्ष | | दस्तुर रु. | रसिद नं. | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

शम्भु साह
नगर प्रमुख
गौर नगरपालिका
गौर, रौतहट